*(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम तयार गरी प्रकाशन गरिएको)*

*आर्थिक वर्ष २०८०/८१ को*

# चौथो त्रैमासिक प्रतिवेदन

(२०८१ वैशाख-असार)



*(सूचनाको अधिकारः लोकतन्त्रको आधार)*

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

# विषय सूची


| सि.नं | विवरण | पेज नं. |
| --- | --- | --- |
| १. | कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | कार्यालयमा रहने कर्मचारीको विवरण | ४ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी | ७ |
| ५. | सम्पादन गरेका कामको विवरण | १२ |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | २७ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ३१ |
| ८. | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | ३३ |
| ९. | कार्यालयको वेबसाइट | ३३ |
| १०. | कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय | ३४ |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवं नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई सुसंस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पुऱ्याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयनमा उतार्न सम्बन्धित मन्त्रालयहरूमा लेखी पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्नेसम्मका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य पनि यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू पनि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्दछन्। साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य पनि यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा विभिन्न कार्य जिम्मेवारी तोकिएका छन् । यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता सम्बन्धित विभागीय मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार, मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरुद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजस्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना

कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार यस कार्यालयमा हाल ९ वटा महाशाखा र २३ वटा शाखाहरू रहेका छन् । यस कार्यालयमा १७२ जनाको स्वीकृत स्थायी दरबन्दी र ६९ करार दरबन्दी रहेको छ । यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्यसचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहत विभिन्न क्षेत्र हेर्ने सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न महाशाखा हेर्ने गरी सहसचिवहरू (रा.प.प्रथम श्रेणी) को दरबन्दी रहेको छ। प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ । हाल यस कार्यालयको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यान्वयनको चरणमा रहेको छ । यस कार्यालयको दरबन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ।

**स्थायी कर्मचारीहरूको दरबन्दी तेरिज**


| सि.न. | पद | श्रेणी/तह | सेवा/क्लस्टर | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | मुख्यसचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २. | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | २ |
| ३. | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४. | सचिव | रा.प. विशिष्ट | इन्जिनियरिङ्ग | - | - | ० |
| ५. | सचिव | रा.प. विशिष्ट | विशेष दरबन्दी | - | - | १ |
| ६. | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ७ |
| ७. | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ८. | सह-सचिव (सूचना प्रविधि) | रा.प.प्रथम | विविध | - | - | १ |
| ९. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २० |
| १०. | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| ११. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| १२. | उप-सचिव | रा.प. द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ |
| १३. | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |
| १४. | सि.डि.ई. | रा.प. द्वितीय | इन्जिनियरिङ्ग | सिभिल/ जनरल | - | १ |
| १५. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ३० |
| १६. | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १७. | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८. | अर्थशास्त्री | रा.प. तृतीय | विविध | - | - | १ |
| १९. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | - | १ |
| २०. | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | - | - | १ |
| २१. | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | - | - | ३ |
| २२. | ईन्जिनियर | रा.प. तृतीय | इन्जि. | सिभिल/ हाइड्रो | - | १ |
| २३. | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | - | १ |
| २४. | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | | ० |
| २५. | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २६. | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | - | ५ |
| २७. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | - | १ |
| २८. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम (प्रा.) | विविध | - | - | १६ |
| २९. | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम (प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| ३०. | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम (प्रा.) | ई. | मे.ई | - | १ |
| ३१. | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ० |
| ३२. | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | - | ० |
| ३३. | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३४. | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | - | - | ३ |
| ३५. | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३६. | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | - | - | १ |
| ३७. | ह.स.चा. | श्रेणी विहीन | ई. | - | - | १८ |
| ३८. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | ३३ |
| ३९. | का.स.(बगैंचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | १ |
| ४०. | का.स.(सरसफाइ) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | ४ |
| ४१. | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | १ |
| | **जम्मा** | | | | | १७२ |

## सेवा करारबाट पूर्ति भएका पद संख्या

| सि. न. | पदको नाम | श्रेणी/तह | सेवा | समूह | पदपूर्तिको अवस्था |
|---|---|---|---|---|---|
| १. | हे.टे. ब्वाई | रा.प.अनं.द्वितीय | विविध | | ३ |
| २. | हेभी सवारी चालक | श्रेणी विहीन | | | १ |
| ३. | ह.स.चा. | श्रेणी विहीन | ई. | - | १८ |
| ४. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | ४७ |
| | **जम्मा** | | | | ६९ |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालयअन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| मुख्यसचिव लीलादेवी गडतौला | |
|---|---|
| **महाशाखा/शाखाको नाम** | **जिम्मेवार पदाधिकारी** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री विनोद बहादुर कुँवर |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव श्री आनन्द पौडेल |
| **शासकीय मामिला क्षेत्र** | **सचिव डा. कृष्णहरि पुष्कर** |
| **१. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री हीरामणि शर्मा** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा | उपसचिव श्री प्रदीप श्रेष्ठ |
| **२. सूचना प्रविधि महाशाखा** | **सहसचिव श्री रमेश शर्मा पौड्याल** |
| (क) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक श्री मनिष भट्टराई |
| (ख) हेलो सरकार शाखा | उपसचिव श्री भविश्वर पाण्डे |
| | उपसचिव श्री मधु अर्याल खनाल |
| | उपसचिव श्री राम प्रसाद सापकोटा |
| **३. जनशक्ति व्यवस्थापन महाशाखा** | **सहसचिव श्री प्रेमप्रसाद आचार्य** |
| (क) प्रशासन शाखा | उपसचिव श्री तुलाराज सुनुवार |
| (ख) सूचना, प्रेस तथा संसद समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| (ग) आर्थिक प्रशासन शाखा | उपसचिव (लेखा) श्री थम नारायण शर्मा |
| (घ)प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (प्र.म.निवास) | उपसचिव श्री राजमणि दाहाल |
| **४. शासकीय सुधार महाशाखा** | **सहसचिव डा. किरण रुपाखेती** |
| (क) सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा | उपसचिव श्री विष्णु प्रसाद सुवेदी |
| (ख) प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा | उपसचिव श्री लेखनाथ ज्ञवाली |
| (ग)सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री सुभाष न्यौपाने |
| **विकास व्यवस्थापन क्षेत्र** | **सचिव श्री नारायण प्रसाद शर्मा दुवाडी** |
| **५. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री शिवादेवी दाहाल** |
| (क) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री भुदेव झा |
| (ख) तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा | उपसचिव श्री मञ्जु शर्मा सुवेदी |

| | |
|---|---|
| (ग) योजना तथा अनुगमन शाखा | उपसचिव श्री कला कुमारी गैह्रे |
| ६. सामाजिक तथा भौतिक पूर्वाधार महाशाखा | सहसचिव श्री नमराज घिमिरे |
| (क) सामाजिक विकास शाखा | उपसचिव श्री मुक्तिराम अर्याल |
| (ख) भौतिक पूर्वाधार विकास शाखा | सि.डि.ई श्री मोहदत्त भट्ट |
| ७. आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा | सहसचिव श्री खोमराज कोइराला |
| (क) आर्थिक मामिला शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| (ख) नीति विश्लेषण तथा समन्वय शाखा | उपसचिव श्री उमेश राज रिमाल |
| (ग) तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा | उपसचिव (तथ्याङ्क) श्री कमल पौडेल |
| **कानून तथा मानव अधिकार क्षेत्र** | **सचिव** |
| ८. कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री यज्ञ प्रसाद भट्टराई |
| (क) कानून शाखा | उपसचिव श्री टंक बहादुर महत |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री राजेन्द्र कुमार लम्साल |
| ९ मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा | सहसचिव श्री राजेन्द्र थापा |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री ओम प्रकाश बराल |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री राजु प्रसाद गुरागाई |
| | **सचिव श्री सरजुकुमार वैद्य** |
| **विशेष पद*** | **सचिव श्री खगेन्द्र प्रसाद नेपाल** |

**नोटः मिति २०७८/०९/१४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल प्रशासन सेवा, समूहीकरणतर्फको रा.प. विशिष्ट श्रेणीको सचिव -१ विशेष पदको दरबन्दी सिर्जना भएको ।*

## यस अवधिमा अनिवार्य अवकास तथा राजीनामाबाट सेवा निवृत्त कर्मचारीहरू

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री कृष्ण प्रसाद ढकाल | ह.स.चा. |

## यस अवधिमा कार्यालय वा अन्तर्गत बढुवा, सरुवा तथा पदस्थापन भै आउनुभएका कर्मचारीहरू

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | डा. कृष्णहरि पुष्कर | सचिव |
| २. | श्री प्रेमप्रसाद आचार्य | सहसचिव |
| ३. | श्री विनोद लामिछाने | सहसचिव |
| ४. | श्री रमेश शर्मा पौड्याल | सहसचिव (प्रा.) |
| ५. | श्री यज्ञ प्रसाद भट्टराई | सहसचिव (कानून) |
| ६. | श्री इश्वरी प्रसाद ढकाल | उपसचिव |
| ७. | श्री सन्तोष पौडेल | उपसचिव |
| ८. | श्री रत्नमणि भट्टराई | उपसचिव |
| ९. | श्री बैकुण्ठ प्रसाद सापकोटा | उपसचिव |
| १०. | श्री प्रेम प्रसाद देवकोटा | उपसचिव |
| ११. | श्री राजेन्द्र कुमार लम्साल | उपसचिव (कानून) |
| १२. | श्री टंकबहादुर महत | उपसचिव (कानून) |
| १३. | श्री मोहदत्त भट्ट | सि.डि.ई. |
| १४. | श्री प्रज्वल घिमिरे | शाखा अधिकृत |
| १५. | श्री सूर्य बहादुर बस्नेत | शाखा अधिकृत |
| १६. | श्री सुनिता अधिकारी | कानून अधिकृत |
| १७. | श्री प्रकाश भट्टराई | ना.सु. |
| १८. | श्री सालिकराम लामिछाने | ना.सु. |

## यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई अरू निकायमा जानुभएका कर्मचारीहरूको विवरण

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री दिनेश भट्टराई | सचिव |
| २. | श्री अर्जुनप्रसाद पोखरेल | सचिव |
| ३. | डा. गणेश प्रसाद पाण्डेय | सचिव |

| | | |
|---|---|---|
| ४. | श्री लोकनाथ पौड्याल | सहसचिव |
| ५. | श्री संगीता ओझा | सहसचिव |
| ६. | श्री रेखा दास | सहसचिव |
| ७. | श्री नारायण प्रसाद भट्ट | सहसचिव |
| ८. | श्री विपिन आचार्य | सहसचिव |
| ९. | श्री नवराज ढुङ्गाना | सहसचिव |
| १०. | श्री कमल प्रसाद भट्टराई | सहसचिव |
| ११. | श्री ज्ञानहरी घिमिरे | सहसचिव |
| १२. | श्री निर्मला अधिकारी भट्टराई | सहसचिव (कानून) |
| १३. | श्री सुरेश राज जोशी | उपसचिव |
| १४. | श्री विष्णु कुमारी भुसाल | उपसचिव |
| १५. | श्री रेशमराज सिग्देल | उपसचिव (कानून) |
| १६. | श्री मदन शिवाकोटी | उपसचिव (कानून) |
| १७. | श्री नारायण पौडेल | शाखा अधिकृत |
| १८. | श्री शशि पौडेल | शाखा अधिकृत |
| १९. | श्री कल्पना भट्ट | शाखा अधिकृत |
| २०. | श्री सन्दिप न्यौपाने | शाखा अधिकृत |
| २१. | श्री हरिगोपाल कर्माचार्य | शाखा अधिकृत |
| २२. | श्री बाबुराम पाण्डे | शाखा अधिकृत |
| २३. | श्री प्रसन्नदीप राई | शाखा अधिकृत |
| २४. | श्री राजेश महर्जन | शाखा अधिकृत |
| २५. | श्री विष्णु प्रसाद सुवेदी | शाखा अधिकृत |
| २६. | श्री तेज कुमार ओली | शाखा अधिकृत |
| २७. | श्री मंगल बहादुर विष्ट | शाखा अधिकृत |
| २८. | श्री छत्र बहादुर अधिकारी | शाखा अधिकृत |
| २९. | श्री दिनेश शिवाकोटी | शाखा अधिकृत |
| ३०. | श्री रुद्र बहादुर पछाई | शाखा अधिकृत |
| ३१. | श्री जय प्रसाद गौतम | शाखा अधिकृत |
| ३२. | श्री कुलचन्द्र अर्याल | शाखा अधिकृत |
| ३३. | श्री रिया भट्टराई | कानून अधिकृत |

| | | |
|---|---|---|
| ३४. | श्री दिपेन्द्र प्रसाद रौनियार | कम्प्युटर ईन्जिनियर |
| ३५. | श्री केदारमणि भण्डारी | कम्प्युटर ईन्जिनियर |
| ३६. | श्री विनोद कुमार मण्डल | ना.सु. |
| ३७. | श्री रेनुका पोखरेल सुवेदी | ना.सु. |
| ३८. | श्री सरला शर्मा पराजुली | ना.सु. |
| ३९. | श्री महेश काफ्ले | ना.सु. |
| ४०. | श्री रामजी पौडेल | ना.सु. |
| ४१. | श्री गोकर्ण विष्ट | ना.सु. |
| ४२. | श्री सुदन न्यौपाने | खरिदार |
| ४३. | श्री मुना घिमिरे पुडासैनी | खरिदार |

## ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिक (२०८१ वैशाख-असारसम्म) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरूः

- *सम्माननीय प्रधानमन्त्रीबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको प्रत्यक्ष संवाद कक्ष (Action Room) प्रयोग गरी मिति २०८१/०३/२३ मा विपद्बाट भएको क्षति तथा विपद् व्यवस्थापन सम्बन्धमा भए गरेका क्रियाकलापहरूको जानकारी लिई आवश्यक निर्देशन भएको।*
- *संघीय संसदका दुवै सभाबाट प्राप्त प्रश्नहरू, प्रस्तावहरू एवं अन्य विषयहरू तथा संसदमा उठेका सवालहरूउपर सम्माननीय प्रधानमन्त्रीज्यूले दिने जवाफको लागि मन्त्रालयहरूसँग समन्वय गरी प्रारम्भिक मस्यौदा तयार गरिएको ।*
- *नेपाल सरकारका, मुख्यसचिवज्यूको संयोजकत्वमा २०८१/०२/२७ मा बसेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकले अत्यावश्यक वस्तु तथा सेवा, औषधी र स्वास्थ्य प्रविधिजन्य सामग्रीको उपलब्धताको सुनिश्चितता तथा विपद् व्यवस्थापन सम्बन्धमा गरेका निर्णयहरू कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा समन्वय गरिएको ।*
- *आ.व. २०८०/८१ को चौथो त्रैमासिक अवधिमा नेपाल सरकार, मन्त्रिपरिषद्का १६ वटा बैठक बसी ३७७ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको । मन्त्रिपरिषद्का विभिन्न समितिहरूको ११ वटा बैठकले गरेका २८ वटा निर्णयहरूको लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको ।*
- *सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२-२०८५/०८६) नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१ असार १७ मा स्वीकृत भइ कार्यान्वयनमा आएको ।*
- *शासकीय प्रणाली र नेपालको अर्थतन्त्र सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा नेपाल सरकारका सेवानिवृत्त मुख्यसचिव, बहालवाला सचिवज्यूहरू तथा विज्ञसँग अन्तरक्रिया आयोजना गरी सार्वजनिक सेवा प्रवाहमा सुधारसम्बन्धी कार्ययोजना तयार गरिएको।*
- *आ.व. २०८१/८२ को यस कार्यालयको "नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यान्वयन कार्ययोजना" तर्जुमा गर्नुका साथै मन्त्रालयहरूलाई सहजीकरण गरिएको ।*
- *एकीकृत अनुगमन प्रणालीमा प्रविष्टि गरिएको प्रगति विवरणको आधारमा मन्त्रालयहरूको मासिक रिपोर्ट कार्ड तयार गरिएको ।*
- *सम्माननीय प्रधानमन्त्री एवं कुलपतिबाट मिति २०८१/०१/१७ मा भएको निर्णयानुसार प्रा.डा. ध्रुव कुमार गौतमलाई मध्यपश्चिम विश्वविद्यालयको उपकुलपति पदमा र मिति २०८१/०१/२० को निर्णयानुसार प्रा.डा. हेमराज पन्तलाई सुदुरपश्चिम विश्वविद्यालयको उपकुलपति पदमा नियुक्त गरिएको ।*

- आ.व. २०७९/८० को विनियोजन, राजस्व, धरौटी, कार्य संचालनको आन्तरिक लेखापरीक्षण सम्पन्न भई प्राप्त प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया पठाइएको । यस वर्षको चौथो त्रैमासिक अवधिसम्म पुँजीगततर्फ ९९ प्रतिशत र चालुतर्फ ८५ प्रतिशत वित्तीय प्रगति भएको ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका विभिन्न १८ वटा निवेदनमा सूचना उपलब्ध गराइएको।
- नेपालका लागि मित्रराष्ट्रहरू बेलारुस र कोलम्बियाका गैरआवासीय राजदूतहरूको नियुक्तिका लागि सहमति प्रदान गरिएको।
- हेलो सरकार कक्षमा सम्बन्धित निकायबाट समाधान भै आएकामध्ये फछ्र्यौट गर्न उपयुक्त देखिएका १,०५२ गुनासो फछ्र्यौट गरिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको SOP तथा Policy Lab सम्बन्धी कार्य गरिएको ।
- यस कार्यालयसमेत विपक्षी भएको सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका १४२ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी पठाइएको ।

यस अवधिमा यस कार्यालयका विभिन्न महाशाखा/शाखाहरूबाट सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण यसप्रकार छः

## ५.१ मुख्यसचिवको सचिवालय

- मन्त्रिपरिषद् बैठक र मन्त्रिपरिषद् समितिका बैठकहरू सञ्चालनमा आवश्यक समन्वय र सहजीकरण गरिएको ।
- मुख्यसचिवज्यूको अध्यक्षतामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बढुवा समितिको १२ वटा बैठक बसी बैठकका निर्णयहरू प्रमाणित गर्ने कार्यमा समेत सहयोग पुऱ्याएको ।
- नेपाल सरकारको नाममा प्राप्त अध्ययन, तालिम वा भ्रमणको बाँडफाँडको लागि छात्रवृत्ति समितिको १२ वटा बैठक व्यवस्थापन सम्बन्धी कार्य गरेको र सो अवधिमा बसेको बैठकका निर्णयहरू प्रमाणित गराउने, सोको कार्यान्वयनका लागि समन्वय र सहजीकरण समेत गरिएको ।
- ३ वटा सचिव बैठकका निर्णयहरू कार्यान्वयनमा समन्वय र सहजीकरण गरिएको ।
- यस अवधिमा टेलिफोनबाट ५०० पटक जनसम्पर्क गरी सेवा प्रवाहमा समन्वय/सहजीकरण गर्नुका साथै १५० व्यक्तिलाई मुख्यसचिवज्यूसँग भेटघाटको व्यवस्था मिलाइएको ।
- ३७७ वटा पत्रहरू E-Registration गरी मुख्यसचिवज्यू समक्ष प्रस्तुत गरी आदेशानुसार Online बाट नै कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरू समक्ष पठाइएको । नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरूलाई ७५ पटक SMS गरिएको ।
- नेपाल सरकारका सचिवहरूको ५८ वटा स्वदेश भ्रमण तथा १७ विदाको विद्युतीय अभिलेख राख्नुका साथै सचिवहरूबाट पेश भएका भ्रमण प्रतिवेदन कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सम्बन्धित सचिवसमक्ष पठाइएको । सचिवहरूको हाजिरी र परिचय-पत्र व्यवस्थापनसम्बन्धी कार्यहरूलाई निरन्तरता दिइएको ।
- संवैधानिक अङ्गका पदाधिकारी, प्रदेश प्रमुख, नेपाल सरकारका सचिवहरू र अन्य विभागीय प्रमुखहरूको वरियताक्रम, सम्पर्क नम्बर र इमेल अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइएको।
- श्रीमान् मुख्यसचिवज्यूको अध्यक्षता/संयोजकत्वमा बसेका सूचना प्रविधि र सुशासन विषयक अन्तर्क्रियाको समन्वय र सहजीकरण गरिएको ।
- स्वदेशी तथा विदेशी संस्था र व्यक्तिहरूद्वारा विभिन्न अवसरमा आयोजना गरिएका चियापान, रात्रीभोज, दिवाभोजलगायतका कार्यक्रममा मुख्यसचिवज्यूको सहभागिताका लागि सूचना

प्रस्तुत गर्ने, कार्यक्रम सहभागिताको सुनिश्चितता लिने र सम्बन्धित पक्षलाई जानकारी दिने लगायतका कार्यहरू गरिएको ।

- खरिद ऐनसम्बन्धी समस्यामा छलफल साथै निर्माण व्यवसायीहरूको भुक्तानी रोकिएको विषयमा बैठकको लागि आवश्यक सहजीकरण गरिएको ।
- लोक सेवा आयोग, महालेखापरीक्षकजस्ता संवैधानिक निकायहरूको वार्षिक कार्यक्रममा मुख्यसचिवज्यूको सहभागिताका लागि समन्वय र सहजीकरण गरिएको।
- प्रतिनिधि सभा तथा राष्ट्रिय सभाको विभिन्न समितिको बैठकमा मुख्यसचिवज्यूको सहभागिताका लागि समन्वय, सहजीकरण गरिएको।
- सम्मानीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा विभिन्न मन्त्रालयहरूका माननीय मन्त्री र सचिवज्यूहरू सम्मलित छलफल/समीक्षाको लागि आवश्यक समन्वय तथा सहजीकरण गरिएको ।
- निजामती अस्पताल विकास समितिको बैठकको लागि समन्वय, सहजीकरण गरिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको Senior Management Team र Extended Senior Management Team को बैठकको लागि हल व्यवस्थापन, प्रविधि व्यवस्थापनलगायत व्यवस्थापकीय, प्रशासनिक र प्राविधिक कार्यमा सहयोग पुऱ्याएको ।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.२ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा,

- नेपाल सरकार, मन्त्रिपरिषद्का १६ वटा बैठक बसी ३७७ वटा निर्णयहरू भएकोमा उक्त बैठकका निर्णयहरूको अभिलेख व्यवस्थापनसम्बन्धी कार्य भइरहेको।
- मन्त्रिपरिषद्का विभिन्न समितिहरूको ११ वटा बैठक बसी २८ वटा निर्णयहरू भएकोमा उक्त बैठकका निर्णयहरूको अभिलेख व्यवस्थापनसम्बन्धी कार्य भइरहेको।
- मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन निर्णयहरू प्रणालीमा प्रविष्ट गर्ने सम्बन्धित मन्त्रालयहरूका पदाधिकारीलाई सहजीकरण गरिएको ।

नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## ५.३ प्रशासन शाखा

- कार्यालय र मातहतका निकायको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यअन्तर्गत कर्मचारीको नियुक्ति, सरुवा, काज, हाजिरी, विदा, बढुवा, पुरस्कार, तालिम, छात्रवृत्ति मनोनयन, निवृत्तिभरण र अवकाशसम्बन्धी कार्यहरू गरिएको ।
- कार्यालयको दैनिक प्रशासन सञ्चालन तथा आन्तरिक व्यवस्थापनको कार्य गरिएको ।
- कार्यालय बैठकलगायतका अन्य बैठकको व्यवस्थापन तथा निर्णय कार्यान्वयनका लागि समन्वय गरिएको ।
- यस कार्यालयको लागि आवश्यक पर्ने सरसफाई र स्टेशनरी सामग्रीहरूको खरिदको लागि बोलपत्र आह्वानसम्बन्धी कार्य भैरहेको ।

## ५.४ सूचना, प्रेस तथा संसद समन्वय शाखा

### १. सूचनाको हक कार्यान्वयनसम्बन्धी कार्य

- यस आ.व.को चौथो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका १८ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको । अन्य निकायसँग सम्बन्धित निवेदनहरू सम्बन्धित निकायमा लेखी पठाइएको ।

### २. राजदूत नियुक्ति सहमति

- नेपालसँग दौत्यसम्बन्ध कायम भएका मित्रराष्ट्र बेलारुस र कोलम्बियाको गैरआवासीय राजदूतको नियुक्तिका लागि सहमति प्रदान गरिएको ।

### ३. संसद समन्वयसम्बन्धी कार्य

- व्यवस्थापिका संसद्को प्रतिनिधि सभा र राष्ट्रिय सभामा उठेका यस कार्यालयसँग सम्बन्धित विषयहरू टिपोट गर्न खटाइएका कर्मचारीहरूबाट प्राप्त विवरण प्रशोधन गरी सम्बन्धित पदाधिकारीहरूसमक्ष प्रतिवेदन गरिएको ।
- संघीय संसदका दुवै सभाबाट प्राप्त प्रश्नहरू, प्रस्तावहरू एवं अन्य विषयहरू तथा संसदमा उठेका सवालहरूउपर सम्माननीय प्रधानमन्त्रीज्यूले दिने जवाफ तयारीको लागि आवश्यक विवरणहरू एकीकृत गरी महाशाखाप्रमुख एवं सम्बन्धित क्षेत्र हेर्ने सचिवज्यूसमक्ष पेस गरिएको । सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०८१/०३/०६ र मिति २०८१/०४/०७ मा भएको प्रत्यक्ष प्रश्नोत्तरको जवाफको प्रारम्भिक मस्यौदा तयार गरिएको । साथै माननीय सदस्य श्री प्रदिप पौडेलले अन्तर-सरकार एवं अन्तरनिकायबीचको सहकार्यको विषयमा दर्ता गर्नुभएको

जरूरी सार्वजनिक महत्वको प्रस्तावमा उठाइएका विषयहरूको सम्बन्धमा जवाफ तयार गरी प्रतिनिधि सभामा पठाइएको ।

- आर्थिक वर्ष २०८१/८२ को विनियोजन विधेयकअन्तर्गत राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित विनियोजन शीर्षकहरूमाथि सम्माननीय प्रधानमन्त्रीले संसदमा दिनुहुने जवाफको लागि आवश्यक समन्वय, सहजीकरण एवम् विवरण तयार पारिएको ।

### ४. अन्य कार्यहरू

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिक विवरण (२०८० माघ-चैत) तयार गरी कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको।
- यस शाखाको निर्दिष्ट वार्षिक कार्यक्रमबमोजिम गण्डकी प्रदेशस्थित मन्त्रालय/निकायहरूमा सूचनाको हकको कार्यान्वयनको अवस्थासम्बन्धी अनुगमन गरी प्रतिवेदन पेस गरिएको ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम राष्ट्रिय सूचना आयोगमा परेका २ वटा पुनरावेदन निवेदनको सम्बन्धमा जवाफ तयार गरी आयोगमा पठाइएको । साथै राष्ट्रिय सूचना आयोगलगायत सरोकारवाला निकायबाट माग भई आएका शाखासँग सम्बन्धित विवरण समयमा नै उपलब्ध गराइएको ।

## ५.५ आर्थिक प्रशासन शाखा

- आ.व.०७९/८० को विनियोजन, राजस्व,धरौटी, कार्य सञ्चालनको अन्तिम लेखापरीक्षण सम्पन्न भई प्राप्त प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया पठाइएको ।
- यस कार्यालय तथा अन्तरगतका निकायबाट माग भए बमोजिम थप बजेट/रकमान्तरका लागि लेखी पठाइएको।
- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराइएको ।
- यस वर्षको चौथो त्रैमासिकमा कूल वित्तीय प्रगति पुँजीगततर्फ ६८ प्रतिशत र चालुतर्फ २७ प्रतिशत भएको छ भने चौथो त्रैमासिक अवधिसम्म पुँजीगततर्फ ९९ प्रतिशत र चालुतर्फ ८५ प्रतिशत वित्तीय प्रगति भएको ।
- यस कार्यालय तथा अन्तर्गतका निकायहरूको वेरुजुको लगत अद्यावधिक गरिएको ।

*(खर्चको थप विवरण यसै प्रतिवेदनको क्र.सं. ८ मा संलग्न गरिएको छ)*

## ५.६ सामाजिक विकास शाखा

- प्रा. डा. ध्रुव कुमार गौतमलाई मध्यपश्चिम विश्वविद्यालयको उपकुलपति पदमा मिति २०८१/०१/१७ को सम्माननीय प्रधानमन्त्री एवम् कुलपतिको निर्णयानुसार नियुक्त गरिएको।
- प्रा.डा. हेमराज पन्तलाई सुदुरपश्चिम विश्वविद्यालयको उपकुलपति पदमा मिति २०८१/०१/२० को सम्माननीय प्रधानमन्त्री एवम् कुलपतिको निर्णयानुसार नियुक्त गरिएको।
- प्रा.डा. अजय भट्टराईलाई त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य पदमा मिति २०८१/०२/०१ को सम्माननीय प्रधानमन्त्री एवम् कुलपतिको निर्णयानुसार नियुक्त गरिएको।
- डा. अरूण सायमिलाई चिकित्सा शिक्षा आयोगको निर्देशक सिफारिस समिति सदस्यमा चिकित्सा शिक्षा आयोगको अध्यक्ष एवम् सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०८१/०३/०२ को निर्णयानुसार मनोनयन गरिएको।
- प्रा.डा. विनिल अर्यालिलाई नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको व्यवस्थापन परिषद् सदस्य पदमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको कुलपति एबम् सम्माननीय प्रधानमन्त्रीको मिति २०८१/०३/१० निर्णयानुसार मनोनयन गरिएको।
- माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री एवम् राजर्षि जनक विश्वविद्यालको सहकुलपतिको संयोजकत्वमा प्रा.डा. देवराज अधिकारी र डा. रामहित यादव सदस्य रहेको राजर्षि जनक विश्वविद्यालय सेवा आयोगको अध्यक्ष र सदस्य सिफारिस गर्न सम्माननीय प्रधानमन्त्री एवम् कुलपितको मिति २०८१/०२/३० को निर्णायानुसार सिफारिस समिति गठन गरिएको।
- निम्न बमोजिमका महानुभावहरूलाई चिकित्सा शिक्षा आयोगको सदस्य पदमा सम्माननीय प्रधानमन्त्री एवम् चिकित्सा शिक्षा आयोगको कुलपतिको मिति २०८१/०३/१७ गतेको निर्णायानुसार मनोनयन गरिएको ।

| क्र.सं. | राष्ट्रिय चिकित्सा शिक्षा ऐनको प्रावधान | नामथर | ठेगाना |
|---|---|---|---|
| १. | राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) बमोजिम चिकित्सा शिक्षा कार्यक्रम सञ्चालन भएका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूमध्येबाट तीन जना | प्रा.डा. केशरजंग बराल मगर(उपकुलपति, त्रिभुवन विश्वविद्यालय) | रम्भा गाउँपालिका ३, पाल्पा साविक पिपलडाँडा ४ पाल्पा |
| | | प्रा.डा. भोला थापा (उपकुलपति काठमाडौं विश्वविद्यालय.) | काठमाडौं महानगरपालिका वडा नं. १० |
| | | प्रा.डा. भुपेन्द्र कुमार बस्नेत(उपकुलपति, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान) | पथरी शनिश्चरे नगरपालिका वडा नं. १, मोरङ्ग |
| ३. | राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (त) बमोजिम स्वास्थ्य सम्बन्धी राष्ट्रिय तहका मेडिकल तथा नर्सिङ्ग लगायतका आधिकारिक | सहप्राध्यापक श्री ललितमोहन पन्त(अध्यक्ष, नेपाल फार्मास्युटिकल एसोसिएसन) | दशरथचन्द नगरपालिका वडा नं. १२, बैतडी |

| | | | |
|---|---|---|---|
| | पेशागत संगठनका अध्यक्षहरू मध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना | श्री मनकुमारी राई(अध्यक्ष, नेपाल नर्सिङ संघ) | विराटनगर महानगरपालिका वडा नं. ११, मोरङ |
| ३. | राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (द) बमोजिम नागरिक समाजका लब्ध प्रतिष्ठित कम्तिमा एक महिला सहित दुई जना | डा. दामोदर रोक्का (बरिष्ठ रेडियोग्राफी टेक्नोलोजिष्ट) | बरहथवा-५, सर्लाही |
| | | श्री पुष्पा कुमारी घिमिरे(Masters of Nursing) | चन्द्रागिरी नगरपालिका वडा नं. १३, काठमाडौं |
| ४. | राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (न) बमोजिम चिकित्सा शिक्षा विज्ञहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा कम्तीमा दुई जना महिला सहित तीन जना | प्रा.डा. युवराज शर्मा(पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान) | ललितपुर महानगरपालिका वडा नं. ९ (साविक किचनास १, स्याङ्जा) |
| | | प्रा. सुभद्रा श्रेष्ठ प्रधान(Nepalese Army Institute of Health and Science) | किर्तिपुर नगरपालिका वडा नं. १, काठमाडौं |
| | | प्रा. तक्मा के.सी. (महाराजगञ्ज नर्सिङ क्याम्पस) | गढवा-६, दाङ |

- डा. तिलकराम आचार्यलाई लुम्बिनी बौद्ध विश्वविद्यालयको रजिष्ट्रार पदमा सम्माननीय प्रधानमन्त्री एवम् लुम्बिनी बौद्ध विश्वविद्यालयको कुलपतिको मिति २०८१/०२/३० को निर्णयानुसार नियुक्त गरिएको।
- श्रीमान सचिव नारायणप्रसाद शर्मा दुवाडीको संयोजकत्वमा शिक्षक अस्पताल जग्गा व्यवस्थापन सम्बन्धी प्राप्त प्रतिवेदन उपर मिति २०८१/०३/०९ गते सरोकारवाला मन्त्रालयका प्रतिनिधिसँग बैठक बसी सो प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पठाउने निर्णय भएको।

## ५.७ भौतिक पूर्वाधार विकास शाखा

- स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (Independent Power Producers' Association, Nepal, IPPAN ले जलविद्युत आयोजनाका लागि मेसिनरी उपकरण तथा निर्माण सामाग्रीमा चालु आर्थिक वर्षको आर्थिक ऐनले छुट सुविधा दिएका सामान आयात गर्दा भन्सार नाकाहरूमा सहजता नभएको गुनासो गरी सहजीकरणका लागि अनुरोध गरेकाले मिति २०८१/२/६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका विकास व्यवस्थापन क्षेत्र हेर्ने श्रीमान् सचिवको संयोजकत्वमा सरोकारवाला निकायका पदाधिकारी सम्मिलित बैठक बसी महालेखा परीक्षकबाट गत आर्थिक वर्षको यस्तै छुट दिएको बिषयमा उठाइएको बेरुजुका सम्बन्धमा समेत छलफल भइ, आर्थिक ऐनमा आयोजना र ठेकदारले ल्याउने सामानमा छुट दिनसक्ने व्यवस्था भए तापनि प्रवर्द्धकको विषयमा केही उल्लेख नगरेको र एक जना प्रवर्द्धकले एकभन्दा बढी आयोजना सञ्चालन गर्नसक्ने समेत भएकाले यसमा सरकारबाट छुट दिएको विषयको आसय र महालेखाबाट उठाइएको विषयको मनसाय बमोजिम हुनेगरी भन्सार विभागको पहलमा अर्थ मन्त्रालयबाट आसन्न बजेट तथा आर्थिक ऐनमार्फत सम्बोधन गर्न उपयुक्त हुने निष्कर्षमा पुगियो ।

- मिति २०८०/२/८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका विकास व्यवस्थापन क्षेत्र हेर्ने सचिवको नेतृत्वमा कार्यालयका पदाधिकारी र लगानी बोर्डको कार्यालयको प्रमुख कार्यकारी अधिकृतसहितका पदाधिकारीबीच लगानी बोर्डको कार्यालयबाट सञ्चालित विभिन्न गतिविधिका सम्बन्धमा छलफल भएको ।
- मिति २०८०/२/१३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका विकास व्यवस्थापन क्षेत्र हेर्ने सचिवको नेतृत्वमा कार्यालयका पदाधिकारी र राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख अधिकृत/सचिव सहितका पदाधिकारीबीच राष्ट्रिय सतर्कता केन्द्रबाट सञ्चालित विभिन्न गतिविधिका सम्बन्धमा छलफल गरिएको ।
- नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल टेलिकम र मेलम्ची खानेपानी आयोजना अन्तर्गत चीन सरकारको लगानी र चिनीयाँ ठेकेदारबाट निर्माणाधीन विकास आयोजना कार्यान्वयन/निर्माण सम्पन्न गर्ने क्रममा आइपरेका विभिन्न समस्याहरू समाधानको सहजीकरण गर्ने उद्देश्यले मिति २०८१/२/१६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका विकास व्यवस्थापन क्षेत्र हेर्ने सचिवको संयोजकत्वमा सरोकारवाला निकायहरू बीच छलफल गरियो ।
- राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको नेतृत्वमा भएको कालीगण्डकी कोरिडोर आयोजनाको स्थलगत अनुगमनमा सहसचिव श्री नमराज घिमिरेलाई अनुगमन समितिको सदस्य तोकिएकोमा उहाँले मिति २०८१/२/२६ गतेबाट स्थलगत अनुगमन गर्नुभएको।
- मिति २०८१/२/२५ गते अरुण-३ जलविद्युत आयोजनाको प्रसारण लाइन निर्माणसम्बन्धी विषयमा छलफल भइ निर्माणको चरणमा देखिएका समस्या समाधानका लागि गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र विकासकर्ता कम्पनीको समन्वयमा लगानी बोर्डको कार्यालयलाई कार्ययोजना तयार गर्न सहजीकरण गरिएको ।
- मिति २०८१/२/३० गते अरुण-३ जलविद्युत आयोजनाको प्रसारण लाइनको जग्गा प्राप्तिलगायत विषयमा छलफल गरी कटान गर्नुपर्ने रूखको संख्याको यकिन गरी परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्न वन तथा वातावरण मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र लगानी बोर्डको कार्यालयले आवश्यक समन्वय तथा सहजीकरण गर्ने, जग्गाको मुआब्जा/क्षतिपूर्ति निर्धारण गर्न बाँकी रहेकाको निर्धारण गर्न र निर्धारण भैसकेकाको हकमा वितरण गर्न जिल्ला प्रशासन कार्यालय मार्फत समन्वय र सुरक्षा प्रवन्ध मिलाउने गरी सहजीकरण बैठक गरिएको ।
- श्रमजीवी पत्रकारहरूको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने बिषयको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको दर्ता नं. २०/२०-०८०/९/४ को प्रस्ताव नेपाल सरकार,

मन्त्रिपरिषद्को बैठक संख्या ४६/०८०/ मिति २०८०/९/५ को मन्त्रिपरिषद्को बैठकमा पेश भइ छलफल हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" गरी भएको निर्णय बमोजिम मिति २०८१/१/१८ मा आर्थिक तथा पूर्वाधार समितिको बैठकमा पेश भई छलफल हुँदा समिति सचिवले अर्थ मन्त्रलयका सचिव (राजस्व), सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवसँग परामर्श गरी अर्को बैठकमा पेश गर्ने भनी गरेको निर्णय अनुसार मिति २०८१/२/३१ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तथा मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिका सचिव श्री नारायणप्रसाद शर्मा दुवाडीको संयोजकत्वमा छलफल भई स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद् पठाउन आर्थिक पूर्वाधार समितिमा पठाइएको ।

- मिति २०८१/३/५ गते काठमाण्डौं उपत्यकाको एकीकृत फोहोरमैला व्यवस्थापनका विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव र सहसचिव तथा लगानी वोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृतको समेतको उपस्थितिमा छलफल गरी काठमाण्डौं उपत्यकामा प्रभावकारी फोहोरमैला व्यवस्थापनको विधि, प्रक्रिया तथा सो को लागि हालसम्मको प्रयास र आगामी दिनमा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा काठमाण्डौं उपत्यकाका सबै नगरपालिका प्रमुख समेतका पदाधिकारीहरूसँग छलफल गर्ने र सो को व्यवस्थापन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने ।

## आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा

### ५.८ आर्थिक मामिला शाखा र नीति विश्लेषण तथा समन्वय शाखा

- Ease of Doing Business समितिको बैठक सम्पन्न गरिएको।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषिको उत्पादनमा पारेको प्रभावसम्बन्धी अध्ययन गरिएको ।
- वैदेशिक लगानी प्रतिवद्धता र प्राप्तिबीचको अन्तर न्यूनीकरणसम्बन्धी अध्ययन गरिएको ।
- नेपाल सरकारको नीति तथा कार्यक्रम तर्जुमाको कार्य गरिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको SOP तथा Policy Lab सम्बन्धी कार्य गरिएको।

## शासकीय सुधार महाशाखा

### ५.९ सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा

- नेपालको संविधानको धारा-५३ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा ४१ अनुसारको नेपाल सरकारको वार्षिक प्रतिवेदन तयार गरिएको।

- सुशासन सम्बन्धी नागरिक उजुरी व्यवस्थापन सम्बन्धमा गण्डकी प्रदेश तथा वागमती प्रदेशमा अन्तरक्रियात्मक गोष्ठी आयोजना गरिएको।
- नेपाल सरकारबाट नियुक्ती पाएका विभिन्न संवैधानिक आयोगका प्रमुख तथा पदाधिकारीहरूको सम्पत्ति विवरण संकलन तथा विवरण राष्ट्रिय सतर्कता केन्द्रको वेव साईटमा प्रविष्टि गरिएको।
- यस शाखामा आएका विभिन्न अनियमितता, भ्रष्टाचार सम्बन्धी उजुरी तथा गुनासोहरूको सम्बन्धमा अध्ययन गरी नियमानुसार छानविन तथा आवश्यक कारवाहीको लागि सम्बन्धित मन्त्रालय/निकायमा पत्राचार गरिएको गरिएको।तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट नेपाल सरकारलाई प्राप्त सुझावहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको।
- श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा नियमित सचिव बैठक तथा उच्च व्यवस्थापन समूहको बैठक आयोजना गरी बैठकमा भएको निर्णयहरूको कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय/निकायमा पत्राचार गरिएको र निर्णयहरूको प्रगति विवरण तयार गरिएको।
- नुवाकोट तथा काभ्रेपलाञ्चोक जिल्लामा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरूको गोप्य अनुगमन गरी प्रतिवेदन तयार गरिएको।
- शासकीय प्रणाली र नेपालको अर्थतन्त्र सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा नेपाल सरकारका सेवानिवृत्त मुख्यसचिव, बहालवाला सचिवज्यूहरू तथा विज्ञसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरी सार्वजनिक सेवा प्रवाहमा सुधार सम्बन्धी कार्ययोजना तयार गरिएको।

## ५.१० प्रादेशिक समन्वय,राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा

- कार्यविस्तृतीकरण परिमार्जनको मस्यौदा तयारी अन्तिम चरणमा रहेको ।
- एउटै प्रकृतिका कामका लागि स्थापना भएका अलग-अलग संरचनामा गाभ्ने, खारेज गर्ने र हस्तान्तरण गर्ने सम्बन्धी प्रारम्भिक मस्यौदा तयार पारिएको ।
- शाखाबाट गर्नुपर्ने संघ र प्रदेशबीच समन्वय, सहकार्य र सहजीकरण कार्य निरन्तर भइरहेको।

## ५.११ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्टिय रणनीति तथा कार्ययोजना (२०८१/०८२-२०८५/०८६) नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१ असार १७ मा स्वीकृत भई कार्यान्वयनमा आएको ।

- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा बित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२-२०८५/०८६) प्रकाशन गरी सार्वजनिक गरिएको ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय समन्वय
- समितिको १३३ औ, १३४ औं र १३५ औं बैठक क्रमशः मिति २०८१।०१।०४ २००१/०१/२१ र २०८१/०२/१६ गते सम्पन्न भएको ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा लागु भएको तत्काल सुधारको पहलको कार्यप्रगति सम्बद्ध निकायहरूसँग निरन्तर रुपमा माग गर्ने गरिएको।

## नतिजा व्यवस्थापन महाशाखा

### ५.१२ नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा

- एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरिएको प्रगति विवरणको आधारमा मन्त्रालयहरूको मासिक रिपोर्ट कार्ड तयार गरिएको ।
- अनुगमन मोड्युल, डाटा बैंक मोड्युल थप गरी महालेखा नियन्त्रक कार्यालयको FMIS को खर्चको वर्गीकरणसँग अन्तरआवद्धतासहित एकीकृत अनुगमन प्रणालीको स्तरोन्नति गरिएको।
- आ.व. २०८१/८२ को लागि "नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यान्वयन कार्ययोजना" तर्जुमा गर्न मन्त्रालयहरूलाई सहजीकरण गरिएको।

### ५.१३ तत्काल समस्या समाधान तथा विपद् व्यवस्थापन शाखा

- सम्मानीय प्रधानमन्त्रीज्यूबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको प्रत्यक्ष संवाद कक्ष (Action Room) प्रयोग गरी मिति २०८१/०३/२३ मा विपद्बाट भएको क्षति तथा विपद् व्यवस्थापन सम्बन्धमा भए गरेका क्रियाकलापहरूको जानकारी लिई आवश्यक निर्देशन दिने काम सम्पन्न भएको ।
- नेपाल सरकारका मुख्य सचिवज्यूको संयोजकत्वमा २०८१/०२/२७ मा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ६९ औं बैठक सम्पन्न भई अत्यावश्यक वस्तु तथा सेवा, औषधी र स्वास्थ्य प्रविधिजन्य सामग्रीको उपलब्धताको सुनिश्चितता तथा विपद् व्यवस्थापन सम्बन्धमा भएका निर्णयहरू कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको ।

## ५.१४ योजना तथा अनुगमन शाखा

- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको तेस्रो त्रैमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४) र वार्षिक बजेट (२०८०/८१) तर्जुमा गरिएको।
- आर्थिक वर्ष २०८१/८२ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूको बजेट र कार्यक्रम समावेश गरिएको वार्षिक विकास कार्यक्रम पुस्तिका तयार गरिएको।
- आ.व. २०८१/८२ को यस कार्यालयको "नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यान्वयन कार्ययोजना" तर्जुमा गरिएको।

## सूचना प्रविधि महाशाखा

## ५.१५ सूचना प्रविधि शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाईट, क्याबिनेट स्वचालन प्रणाली, यस कार्यालयको स्वचालित कार्यालय प्रणाली, ई-हाजिरी प्रणाली, एकीकृत अनुगमन प्रणाली, यस कार्यालयको SMS Portal, हेलो सरकार लगायतका सम्पूर्ण Portal हरूको नियमित सञ्चालन र अद्यावधिक गरिएको।
- ६५ जना कर्मचारीहरूको परिचय पत्र छपाई गरिएको।
- कार्यालयको PM स्टुडियो सञ्चालनमा सहयोग।
- गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नतीका लागि TOR तयार गरी खरिद कार्य अगाडी बढाइएको।
- मन्त्रिपरिषद्, मन्त्रिपरिषद् समिति र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन प्रणालीको स्तरोन्नतीका लागि TOR तयार गरी खरिद इकाइमा पठाइएको।
- एकीकृत अनुगमन प्रणालीको स्तरोन्नतीका लागि आवश्यकता पहिचान र प्रणाली निर्माणको लागि आवश्यक टेक्निकल सपोर्ट प्रदान गरिएको।
- कार्यालयका लागि आवश्यक सूचना प्रविधि सम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्पेशिफिकेसन तयारी तथा गुणस्तरको मुल्याङ्कन गरिएको।
- शाखा प्रमुखको अध्यक्षतामा गठित कार्यालयको विभिन्न खरिद कार्यको मूल्याङ्कन समितिको कार्य सम्पन्न गरी पेश गरिएको।

- सम्माननीय प्रधानमन्त्रीज्यूको कार्यकक्षमा इन्टरनेट तथा टेलिभिजन जडानमा आवश्यक सहकार्य र सहयोग।
- कार्यालयको आधिकारिक वेबसाइट अद्यावधिकको कार्य गरिएको।
- यस कार्यालयको लागि हालसालै स्वीकृत O & M बमोजिमको SOP तयार गरिएको।
- कार्यालयका अन्य शाखामा आएका सूचना प्रविधि सम्बन्धीका सम्पूर्ण समस्याहरू समाधान गरिएको।

## ५.१६ हेलो सरकार शाखा

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालय तथा निकायहरूसँग सम्बन्धित सेवा प्रवाहलगायत विभिन्न विषयमा प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरूको उचित सुनुवाइ गर्न, मन्त्रालयबाट हुने नीतिगत निर्णय, कार्य सञ्चालन र शान्ति सुरक्षाको स्थितिको सम्बन्धमा जानकारी लिई शासकीय व्यवस्थामा सुधार गरी जनमुखी प्रशासन व्यवस्थाको प्रवर्धन गर्नका लागि गुनासो गर्न चाहने जो कोहीलाई देहायबमोजिमको माध्यमबाट हेलो सरकार कक्षको शाखामा सूचना दिने व्यवस्था मिलाइएको:

- टोल फ्रि टेलिफोन नम्बर १११११ मा टेलिफोन गरी शाखाका कर्मचारीलाई टिपाएर ।
- शाखाको फ्याक्स नम्बर ११०० मा फ्याक्स गरेर ।
- शाखाको 1111@nepal.gov.np मा इमेल गरेर ।
- कार्यालयको बेवसाइट www.gunaso.opmcm.gov.np को Complaints and Suggestion बाट पठाएर ।
- ट्वीटर तथा फेसबुक पेजको गुनासो गेटमा सन्देश पठाएर ।
- मोबाइल एपमा गुनासो पठाएर ।
- हेलो सरकार शाखामा पत्र पठाएर ।
- गुनासोकर्ता स्वयं उपस्थित भई विवरण टिपाएर ।
- एस.एम.एसमार्फत गुनासो पठाएर ।
- Viber मार्फत गुनासो पठाएर ।
- अन्य

**चौथो त्रैमासिक अवधिमा सम्पादन भएका मुख्य-मुख्य कामहरू**

- हेलो सरकार कक्षमा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, ट्वीटर, इमेल, नागरिक एप, फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थिति भइ) बाट प्राप्त

३११५ (प्राप्त भएका गुनासा र फछ्यौंटका लागि पुनः प्राप्त भएका समेत) गुनासोहरूलाई अध्ययन गरी सम्वन्धित निकायमा आवश्यक कारवाहीका लागि पठाइएको।

- यस अवधिमा सम्बन्धित निकायबाट समाधान भई आएकामध्ये फछ्यौंट गर्न उपयुक्त देखिएका १०५२ गुनासो फछ्यौंट गरिएको ।
- हेलो सरकारको नयाँ विद्युतीय पोर्टल सञ्चालनका लागि प्रदेश र स्थानीय तहका गुनासो सुन्ने अधिकारीहरूलाई ४ वटा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।

## कानून तथा फैसला कार्यान्वयन महाशाखा

### ५.१७ कानून शाखा र फैसला कार्यान्वयन शाखा

- **लिखित जवाफ तयारीः** सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका १४२ थान मुद्दाहरूको लिखित जवाफ तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।
- **तर्जुमा सम्बन्धीः** जारी गरिएका/स्वीकृत भएका/संशोधन भएका नीति, विधेयक, नियमावली, विनियमावली, आदेश, निर्देशिका र कार्यविधिहरूको विवरणः

| क्र.सं. | तर्जुमा विवरण |
|---|---|
| १. | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली,२०८१ |
| २. | सडक दस्तुर उठाउने (कार्यविधि) नियमावली,२०८१ |
| ३. | धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक |
| ४. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक |
| ५. | जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ |
| ६. | वन (दोस्रो संशोधन) नियमावली, २०८० |
| ७. | नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयक |
| ८. | राष्ट्रिय सहकारी विकास बोर्डको कार्यकारी समितिको सह-अध्यक्ष, सदस्य तथा सदस्य-सचिव नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०८१ |

- **फैसला कार्यन्वयन सम्बन्धी कार्यहरू**
  - अदालतबाट भएका फैसला/आदेश कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा ताकेता/पत्र गरी जम्मा ७० पत्राचार भएको।

- १ थान पुनरावेदन पत्र तयार गरिएको ।

**कानूनी राय सम्बन्धी कार्यहरू:**

- यस महाशाखामा कानूनी राय माग भएका पाँच (५) वटा विषयमा कानूनी राय प्रदान गरिएको।

**राजपत्रमा प्रकाशित हुने सूचना सम्पादनका सम्बन्धमा**

- यस कार्यालयको तर्फबाट नेपाल राजपत्रमा प्रकाशित गरिने सूचनाहरू (थान ८) सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाई मन्त्रालयबाट सम्पादन भई आए पश्चात प्रकाशनको लागि मुद्रण विभाग पठाइएको ।

**अन्य कार्यहरू**

- विभिन्न मितिमा फैसला कार्यान्वयन सम्बन्धी अनुगमन गुल्मी, सुनसरी, स्याङ्जा, मोरङ, नुवाकोट, धादिङ र रसुवा जिल्लामा सम्पन्न भएको।
- फैसला कार्यान्वयन सम्बन्धी पाल्पा र गुल्मी गरी २ जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

## मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धिसम्झौता महाशाखा

### ५.१८ मानव अधिकार शाखा

| क्र.सं. | क्रियाकलाप | प्रगतिको व्यहोरा |
|---|---|---|
| १. | मानव अधिकार सम्बन्धी पाँचौ कार्ययोजनाको अनुगमन | १. आ.व. २०७९/८० को राष्ट्रिय कार्ययोजनाको प्रगति विवरण सबै प्रदेश मन्त्रालयहरू र स्थानीय तहहरूबाट माग गरिएकोमा प्रगति विवरण प्राप्त भइरहेको।<br>२. मावन अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) कार्यान्वयन सम्बन्धी जिल्ला समन्वय समिति र स्थानीय समन्वय समिति एवं नागरिक समाजसँग अन्तरक्रिया कार्यक्रम मन्थली रामेछापमा सम्पन्न गरिएको। साथै सिन्धुपाल्चोक, दोलखा जिल्लामा जिल्ला समन्वय समिति र स्थानीय समन्वय समितिको कार्य अनुगमन र छलफल।<br>३. मावन अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) कार्यान्वयन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम कपिलवस्तु, र अर्घाखाँची जिल्लामा जिल्ला तह र दाङ्ग र कास्की जिल्लामा प्रदेश तहको सञ्चालन गरी सम्पन्न गरिएको। |

| | | |
|---|---|---|
| २. | मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष समाधिकक्षहरूले माग गरेको जानकारी तथा प्रश्नावली एवं संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिमा परेका उजुरीको जवाफका साथै अन्य माग भएको जानकारी उपर नेपाल सरकारले पेश गर्नुपर्ने जवाफको तयारी | १. "Women's active, free and meaningful participation in development with emphasis on decision making" र "Indigenous Persons with Disabilities" सम्बन्धमा जवाफ तयार भएको।<br>२. तपसिल विषयका सम्बन्धमा परराष्ट्र मन्त्रालयबाट विभिन्न मितिमा Input/Response का लागि प्राप्त भएका पत्रको सन्दर्भमा सम्बन्धित मन्त्रालय तथा निकायहरूलाई पत्राचार गरिएको।<br>1. Protection of Human Rights by regional organization when countering terrorism<br>2. Artificial Intelligence and International Solidarity<br>3. A global call for concrete action for the elimination of racism, racial discrimination, xenophobia and related intolerance and the comprehensive implementation of and follow-up to the Durban Development and Programme of Action<br>4. Allegations of serious, ongoing threats of displacement of the Indigenous Newar Peoples and violations of their human rights due to the construction of the Kathmandu-Terai/Madhesh Fast Track (Expressway) Road Project.<br>5. Information which can clearly establish the fate and whereabouts of the disappeared persons regarding the 480 cases (including the 464 cases retransmitted to Government of Nepal on 25 March 2024) (From Chair-Rapporteur of Working Group on Enforced or Involuntary Disappearances) |
| ३. | मानव अधिकारका समसामयिक विषयमा अन्तरक्रिया | सबै मन्त्रालय तथा आयोग, मानव अधिकार निर्देशनालय (नेपाली सेना), नेपाल प्रहरी प्रधान कार्यालय र सशस्त्र प्रहरी बल नेपालका योजना महाशाखा/शाखा प्रमुख लगायत मानव अधिकार सम्बन्धी तोकिएको फोकल कर्मचारीको उपस्थितिमा मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना तथा मानव अधिकारका समसामयिक विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको। |
| | Treaty Monitoring indicator तयार गर्ने। | Treaty Monitoring indicator तयारीका लागि समिति गठन भई अध्ययन प्रक्रिया अघि बढाइएको। |
| | मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन गर्ने | मानव अधिकार आयोगबाट प्राप्त ४१ वटा सिफारिसको कार्यान्वयनको लागि सम्बन्धित निकायमा प्रेषित गरिएको। |

| | |
|---|---|
| भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय रणनीति तथा कार्ययोजनाको कार्यान्वयन सम्बन्धी मूल्याङ्कन र पुनरावलोकन | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समन्वयमा भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय दोस्रो रणनीति तथा कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार भएको। उक्त मस्यौदालाई परिमार्जन गरी अन्तिम रुप प्रदान गर्ने कार्य भइरहेको। |

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ । राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ । कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, प्रेस तथा संसद समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी दिने व्यवस्था गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

### प्रवक्ताको विवरण

| नाम | : | प्रेमप्रसाद आचार्य |
|---|---|---|
| पद | : | सहसचिव |
| महाशाखा | : | जनशक्ति तथा व्यवस्थापन महाशाखा |
| फोन नं. | : | ९७७-१-५९७१०७४ |
| इमेलः | : | spokesperson@opmcm.gov.np |



### सहायक प्रवक्ताको विवरण

| नाम | : | मञ्जु शर्मा सुवेदी |
|---|---|---|
| पद | : | उपसचिव |
| शाखा | : | तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा |
| फोन नं. | : | ९७७-१- ५९७१०९४ |
| इमेलः | : | vice-spokesperson@opmcm.gov.np |



### सूचना अधिकारीको विवरण

| नाम | : | सिर्जना शर्मा |
|---|---|---|
| पद | : | उपसचिव |
| शाखा | : | सूचना, प्रेस तथा संसद समन्वय शाखा |
| फोन नं. | : | ९७७-१- ५९७१०१४ |
| इमेल | : | suchanaadhikari@opmcm.gov.np |



## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण**

**(क) ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

**(ख) नियमावली तथा कार्ययोजनाहरू**

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८

**(ग) निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवं उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५

- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

तालिका १

आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिक अवधिको वित्तीय प्रगति विवरण

| सि.नं. | ब.उ.शि.नं. | वार्षिक बजेट | चौथो त्रैमासिक खर्च | | कैफियत (आ.व.०८०/८१ असार सम्मको खर्च) |
|---|---|---|---|---|---|
| | | | खर्च | वित्तीय प्रगति | |
| चालु | ३०१०००१२३ | ४२४,६३६,५००.०० | ११३,६६९,६०१.६७ | | ३६४,४८१,०७७.९० |
| | ३०१०००११३ | ७७,०००,०००.०० | २२,५१८,३६८.३ | | ६२,१३५,१२७.३० |
| | ६०२०००१५३ | १,२३४,६१३.०० | - | | ९९५,९३५.०० |
| चालु जम्मा | | ५०२,८७१,११३.०० | १३६,१८७,९६९.९७ | २७ | ४२७,६१२,१४०.२ |
| पुँजीगत | ३०१०००१२४ | ११,५५०,०००.०० | ७,९२३,३६६.०० | | ११,४८०,७६५.०० |
| पुँजीगत जम्मा | | ११,५५०,०००.०० | ७,९२३,३६६.०० | ६८ | ११,४८०,७६५.०० |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

| https://www.opmcm.gov.np |
|---|

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यूलगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवं नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना उपलब्ध गराइएको विवरण

| सि.नं. | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | श्री मनमाया स्याङतान र राजु स्याङतान, ललितपुरले खानेपानी कार्यालयले उपयोग गरेको जग्गाको क्षतिपूर्ति रकम उपलब्ध गराउने सम्बन्धमा जानकारी उपलब्ध गराई पाउँ भनी २०८०/१२/२२ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको खानेपानी मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित निकायबाट नै सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| २. | श्री सरिता गिरी, काठमाण्डौंले हेटौंडा, ढल्केवर इनरुवा ४० केभी ट्रान्मिशन लाइन परियोजनासम्बन्धी सूचना माग गर्दै मिति २०८१/१/६ मा निवेदन गर्नुभएको । | निवेदकले माग गरेको सूचनाको विषय उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित निकायबाट नै सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| ३. | श्री दुर्गा दुलाल, नेपाल लाइभ डटकम, काठमाण्डौंले पूर्व न्यायाधीश डिल्लीराज आचार्यको सुन तस्करीसम्बन्धी छानविन प्रतिवेदनबारे सूचना माग गर्दै मिति २०८०/१२/२८ मा निवेदन गर्नुभएको । | निवेदकले माग गरेको सूचनाको विषय गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित मन्त्रालयबाट नै सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| ४. | श्री हरिबहादुर के.सी., काठमाण्डौंले नेपाल धितोपत्र बोर्डको विज्ञ सदस्य नियुक्तिसम्बन्धी सूचना माग गर्दै मिति २०८०/१२/२८ मा निवेदन गर्नुभएको । | निवेदकले माग गरेको सूचनाको विषय अर्थ मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित मन्त्रालयबाट नै सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |

| | | |
|---|---|---|
| ५. | श्री प्रजु पन्त, उकेरा डटकम, काठमाण्डौंले मोहन रमण भट्टराईको संयोजकत्वमा गठित समितिले पेश गरेको सरकारी तथा सार्वजनिक गुठी जग्गा संरक्षणसम्बन्धी प्रतिवेदनबारे सूचना माग गर्दै मिति २०८०/१२/२७ गते निवेदन गर्नुभएको। | निवेदकले माग गरेको सूचनाको विषय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित मन्त्रालयबाट नै सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| ६. | श्री शशि विक्रम कार्की, सूर्यविनायक, भक्तपुरले चिकित्सा शिक्षा आयोग बैठकले निजी मेडिकल कलेजहरूलाई पीसीएल नर्सिङ पढाउन दिने निर्णयसम्बन्धी सूचना माग गर्दै मिति २०८१/०१/१३ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचनाको विषय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित मन्त्रालयबाट नै सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| ७. | श्री विष्णु भण्डारी, स्याङजाले कार्यालयलाई समेत विपक्षी बनाइएको ने.का.प. २०७४, महिना जेष्ठ, अंकः २, नि. नं ९७५७ को रिट निवेदनको आदेश कार्यान्वयनका सम्बन्धमा सूचना माग गर्दै मिति २०८१/०१/१६ मा निवेदन दर्ता गर्नुभएको । | कार्यालयको कानून तथा फैसला कार्यान्वयन महाशाखाबाट प्राप्त विवरण संलग्न गरी निवेदकले माग गरेको सूचना प्रदान गरिएको । |
| ८. | श्री पुष्पप्रसाद खतिवडालगायत ६ जना निवेदकहरूले नेपालको सिमानाहरूको रक्षा तथा सुरक्षा व्यवस्थासँग सम्बन्धित भएर विविध जानकारी माग गर्दै यस कार्यालयमा मिति २०८१/०१/२३ गते निवेदन दर्ता गर्नुभएको । | माग गरिएको सूचनाको विषय गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| ९. | श्री राजु बास्कोटा, काठमाडौंले एनसेलको सेयर खरिद विक्री सम्बन्धमा पूर्व महालेखापरीक्षक टंकमणि शर्मा संयोजकत्वको अध्ययन समितिको प्रतिवेदन माग गर्दै मिति २०८१/०१/२३ गते निवेदन दर्ता गर्नुभएको । | निवेदनमा माग गरिएको सूचनाको विषय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| १०. | श्री रूद्र पंगेनी, पाल्पाले तुइन विस्थापनको विषय एवं कोषमा भएको रकमका विषयमा | तुइन दुर्घटनाबाट प्रभावित व्यक्तिको उद्धार तथा सहायता कोष सञ्चालन नियमावली, २०७५ जारी भएको एवं थप विस्तृत जानकारी आवश्यक परेमा |

| | | |
|---|---|---|
| | सूचना माग गर्दै मिति २०८१/०१/३० मा निवेदन गर्नुभएको । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त गर्न सकिने व्यहोराको सूचना प्रदान गरिएको। |
| ११. | श्री साङ गुरूङ, ललितपुरले, लैङ्गिक पहिचान कायम हुने गरी नाम तथा लैङ्गिक विवरण संशोधन गरिपाउँ भन्ने निवेदनको सम्बन्धमा सूचना माग गर्दै २०८१/०१/२७ मा निवेदन पठाउनुभएको । | निवेदकले माग गरेको सूचना यस कार्यालयसँग सम्बन्धित नभई गृह मन्त्रालयसँग सम्बन्धित भएकोले सोही मन्त्रालयबाट आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| १२. | श्री राजु चापागाईँ, काठमाण्डौँले मानवअधिकार आयोगबाट कारवाहीका लागि सिफारिस भएका खोटाङका प्रमुख जिल्ला अधिकारीसहितका कर्मचारीहरूको सम्बन्धमा भएको पछिल्लो निर्णयको विषय उल्लेख गरी इमेलमार्फत् मार्च २७ मा सूचना माग गर्नुभएको । | निवेदकले माग गरेको सूचना गृह मन्त्रालयसँग सम्बन्धित भएकोले सोही मन्त्रालयबाट आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अवगत गराइएको । |
| १३. | श्री अनुपम भट्टराई, काठमाण्डौँले, आजियाटा इन्भेष्टमेन्ट (युके) र एनसेल प्रा. लि. को मुद्दा सम्बन्धमा विविध सूचना माग गर्दै मिति २०८१/०१/३१ गते निवेदन दर्ता गर्नुभएको । | निवेदनमा माग गरिएको सूचनाको विषय नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस कार्यालयबाट सम्पादन नहुने व्यहोरा अनुरोध गरिएको । |
| १४. | श्री युवराज पौडेल, सिन्धुलीले राष्ट्रिय महिला आयोगकी माननीय सदस्य कृष्ण कुमारी पौडेलको शैक्षिक योग्यता, सम्पत्ति, बायोडाटा लगायतका विषयमा सूचना माग गर्दै मिति २०८१/०२/०६ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना वैयक्तिक प्रकृतिको सूचना देखिएको र सो सम्बन्धमा वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ बमोजिम त्यस्ता सूचना गोप्य रहने कानूनी व्यवस्था रहेको व्यहोरा अनुरोध गरिएको । |
| १५. | श्री शंकर खत्री, हिमालयन टेलिभिजन, काठमाण्डौँले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट यसअघि वितरण भएका MacBook फिर्ता भए नभएको सम्बन्धमा सूचना माग गर्दै २०८१/०२/२७ मा इमेलमार्फत् निवेदन गर्नुभएको । | निवेदकलाई यस कार्यालयबाट माननीय मन्त्रीज्यूहरूको लागि ल्यापटप वितरण नगरिएको व्यहोराको सूचना प्रदान गरिएको । |
| १६. | श्री निरन्जन उप्रेति, भोजपुर (पदम माया गुरूङको तर्फबाट) ले सम्मानित सर्वोच्च | सम्बन्धित कानून तथा फैसला कार्यान्वयन महाशाखाबाट प्राप्त जानकारीअनुसार सम्मानित |

| | | |
|---|---|---|
| | अदालतबाट मिति २०७४/११/१३ मा अन्तिम आदेश भएको रिट नं. ०७१-wo-०५१२ को कार्यान्वयन सम्बन्धमा सूचना माग गर्दै मिति २०८१/०३/०२ मा निवेदन दर्ता गर्नुभएको । | सर्वोच्च अदालतबाट रिट निवेदक पदममाया गुरूङ र विपक्षी यस कार्यालयसमेत भएको रिट नं. ०७१-wo-०५१२ को मुद्दामा मिति २०७४/११/१३ मा भएको आदेश सम्बन्धित मन्त्रालयमा आवश्यक कार्यान्वयनका लागि पठाइएको भनी लेखी आएको हुँदा सोही सूचना प्रदान गरिएको । |
| १७. | श्री हरिकृष्ण श्रेष्ठलगायत ४ जना अधिवक्ताहरूले वन्यजन्तुबाट कृषकलाई परेको असर र क्षतिपूर्तिलगायतका विषयमा विविध जानकारी माग गर्दै मिति २०८१/०३/२८ गते निवेदन दर्ता गर्नुभएको । | निवेदनमा माग गरिएको सूचनाको विषय वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| १८. | श्री दिपक विक्रम मिश्र, काठमाडौंले नेपालको जेलमा रहेका विदेशी कैदीहरूको विषयमा विविध जानकारी माग गर्दै मिति २०८१/०३/२८ गते निवेदन दर्ता गर्नुभएको । | निवेदनमा माग गरिएको सूचनाको विषय गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |